नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, बुटवल, रुपन्देहीमार्फत राजस्व चुहावट सम्वन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी भाञ्जा स्टोर्स एण्ड हाउस (स्था.ले.नं. ३०५६६७५७७) का प्रोप्राइटर बरकत अलि मियाँ विरुद्ध उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मिति २०८२/०१/२५ मा अभियोग पत्र दायर गरिएको छ।

जिल्ला रुपन्देही, बुटवल उपमहानगरपालिका, वडा नं. ७, राधाकृष्ण पथस्थित भाञ्जा स्टोर्स एण्ड हाउस (स्था.ले.नं. ३०५६६७५७७) ले प्रस्तुत फर्मका नाममा मालवस्तु पैठारी तथा खरिद गरी मौज्दात किताबमा प्रविष्टि नगर्नु, बिजक नै जारी नगरी मालवस्तु विक्री गर्नु, विक्री भएको मालवस्तुको अभिलेख विक्री खातामा प्रविष्टि नगर्नु, पेश गरेको मू.अ.कर विवरण भन्दा अधिक मौज्दात पसल तथा गोदामबाट फेला पर्नु, मौज्दात किताब भन्दा बढी फेला परेको मालवस्तु चोरी पैठारी गरी ल्याएर विक्री गर्नु, कारोवार छल्ने उद्देश्यले न्यून विक्री देखाई प्रचलित कानून अनुसार नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने भन्सार महसुल, मू.अ.कर तथा आयकर नबुझाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४(छ) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर गरेको हुँदा निज प्रतिवादीलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेध गरेको कार्य गरी दफा ४ को खण्ड (ख), (छ) र (झ) बमोजिम कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादी बरकत अलि मियाँलाई ऐ. ऐनको दफा २(छ१) बमोजिम भन्सार चोरी पैठारीतर्फको रु. ७५,९३,५५७।-, मूल्य अभिवृद्धि करतर्फको रु. २३,२७,४५९।- र आयकरतर्फको रु. ५६,४५,२६५।- गरी जम्मा रु. १,५५,६६,२८१।- (अक्षरुपी एक करोड पचपन्न लाख छैसठ्ठी हजार दुईसय एकासी रुपैयाँ मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगो जफत वा असुल गर्ने प्रावधान अनुसार बिगो असुल उपर गरी बिगोको शत प्रतिशत जरिवाना रकम रु. १,५५,६६,२८१।- (अक्षरुपी एक करोड पचपन्न लाख छैसठ्ठी हजार दुई सय एकासी रुपैयाँ मात्र) गरी जम्मा रु. ३,११,३२,५६२।- (अक्षरुपी तीन करोड एघार लाख बत्तीस हजार पाँच सय बैसठ्ठी रुपैयाँ मात्र) असुल उपर गर्न तथा ऐ. ऐनको दफा २३ को उपदफा (१)(ख) बमोजिम कैद सजायको मागदाबी लिई मिति २०८२/०१/२५ गते सम्मानित उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरिएको छ।

मिति २०८२ साल बैशाख २५ गते विहिबार ।

२०८२/०१/२५
(कृष्ण कुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता

CS Scanned with CamScanner

फ्याक्स : ५५४२०२३ ईमेल-info@dri.gov.np, website : www.dri.gov.np